नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना,
परियोजना कार्यान्वयन इकाई,
कदमाहा ,ससरी

फोन: ९८५२८३३१५०
mangozonesaptari@gmail.com

प. सं.:- २०७६।०७७
च.नं.:- ९४९

मिति :-२०७६।०९।०१

प्रथम पटक प्रकाशित मिति २०७६।०९।०१

# सूचना ! सूचना !! सूचना !!!

यस परियोजना कार्यान्वयन इकाई, ससरी कार्यालयको चालु आ.व.२०७६।०७७ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार व्यवसायिक कृषि उत्पादन तथा प्रसोधन केन्द्र , जोन विकास कार्यक्रम अन्तर्गत आँप वालीको उत्पादन तथा उत्पादकत्व वृद्धि , प्रसोधन बजारीकरणका लागि पूर्वाधार प्रवर्द्धन कृषिमा यान्त्रिकरण , साना सिंचाई विशेष कार्यक्रम गर्ने उदेश्यका साथ तपशिलका कार्यक्रमहरु संचालन गर्नका लागि यस जोन कमाण्ड क्षेत्र (सुरुङ्गा न.पा.-१,२,३,४,५,६,७ र १०/बलानबिहुल गा.पा.-१,२,३ र ६/अग्निसाईर कृष्णासवरण गा.पा. १,२,३ र ६/खडक न.पा. ६ र ७/शम्भुनाथ न.पा.-२,६ र ७/रुपनी गा.पा.-१ र ६ तथा कन्चनरुप न.पा. ६,७,९,११ र १२ वडाहरु) अन्तर्गत रहेका नियम बमोजिम दर्ता भएका र यस कार्यालयमा सुचिकृत भएको जोन संचालक समिति , कृषक समुहहरु , कृषि सहकारी संस्थाहरु , कृषि फार्म , कृषि/उद्यमी व्यवसायी र जल उपभोक्ता समितिहरु बाट यो सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र यस परियोजना कार्यान्वयन इकाई , ससरी (आँप जोन) मा प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । विस्तृत जानकारीको लागि यस परियोजना कार्यान्वयन इकाई , ससरीको कार्यालय ,कदमाहा तथा मोबाईल नम्बर -९८५२८३३१५०/९८४४१५५३६४ मा सम्पर्क राख्नु हुन अनुरोध छ ।

(रास देव यादब)
नि. वरिष्ठ कृषि अधिकृत

तपशिल

| क्र.स. | संचालन गर्ने कार्यक्रमहरु | क्रियाकलापहरु |
|---|---|---|
| १. | साना सिंचाई निर्माण तथा मर्मत सम्भार | सतही सिंचाई , स्यालो ट्युबवेल जडान , सोलार सिंचाई आदि । |
| २. | भकारो सुधार कार्यक्रम | गाईगोठको स्तरीकरण (मलमुत्र संकलन तथा प्रयोग) |

## निवेदन/प्रस्ताव साथ संलग्न राख्नुपर्ने कागजातहरु तथा पालना गर्नुपर्ने शर्तहरु :-

१. रु.१०/- को टिकट सहितको पूर्णरुपले भरिएको निवेदन , प्रस्तावना ।
२. सम्बन्धित जोन संचालक समिति/कृषक समूह/कृषि सहकारी संस्था/कृषि फार्म/कृषि उद्यमी/जल उपभोक्ता समितिको दर्ता प्रमाण पत्र/नविकरणको प्रतिलिपि ।
३. कृषि सहकारी संस्था/कृषि फार्म/कृषि उद्यमी को हकमा अघिल्लो आ.व. को लेखा परिक्षण तथा कार्यक्रम संचालन सम्बन्धित समूह/संस्था/फार्म/समितिको निर्णयको प्रतिलिपि ।
४. कार्यक्रम संचालन सम्बन्धि कृषक समूह/संस्था/फार्म/समितिको निर्णयको प्रतिलिपि ।
५. योजना संचालन हुने जग्गाको जग्गाधनी प्रमाण पुर्जाको फोटोकपी वा जग्गा करारमा दिने व्यक्तिको जग्गाधनी प्रमाण पुर्जाको फोटोकपी/नागरिकताको फोटोकपी/करारनामा ।
६. सम्बन्धित स्थानीय निकायको शिफारिस ।
७. विगतमा योजना नपरेको समूह/संस्था/समितिलाई प्राथमिकतामा राखिनेछ ।
८. एउटा स्यालो ट्युबवेल बराबर कम्तिमा २ हेक्टर जग्गामा आँप बगैचा (नयाँ) स्थापना गर्ने सहित आँपको बोट माग , रकम संकलन हुनुपर्ने वा विगतमा २ हेक्टर जग्गा आँप खेति गरिएको प्रमाण हुनुपर्ने ।
९. स्यालो ट्युबवेल योजना आँप खेति प्रयोजनको लागि मात्र प्रदान गरिनेछ ।
१०. भकारो सुधार कार्यक्रमका लागि सम्बन्धित कृषकहरु संग कम्तिमा २ (दुइ) वटा गाई,गोरु/भैसी,राँगा को साथै गोठ अनिवार्य हुनुपर्नेछ ।
११. साना सिंचाईको लागि निवेदन दस्तुर वापत रु.१००/- (फिर्ता नहुने गरि) राजश्व तिर्नुपर्ने छ तथा उक्त राजश्व तिरेको नगदी रसिद निवेदन साथ संलग्न राख्नुपर्ने छ ।
१२. माथि उल्लेखित भए बाहेक अन्य कुराहरुको हकमा प्रचलित नियम,कानुन अनुसार हुनेछ ।